## क. बीमा अभिकर्ता

### व्यक्तिगत अभिकर्ता बन्ने प्रक्रिया

१. आफू कुन बीमक (बीमा कम्पनी) मातहत अभिकर्ता भई कार्य गर्ने हो सोहि कम्पनीमा अभिकर्ताका लागि तोकिएका कागजात सहित निवेदन दिने।

२. बीमकद्वारा तोकिएको मिति समय र स्थानमा सञ्चालन हुने बीमा अभिकर्ता सम्बन्धी तालिम लिने।

३. आफ्नो मोबाइलमा प्राप्त OTP सहितको agentexam.nia.gov.np Link प्राप्त पछि निर्देशानुसार देहाएबमोजिम कार्य गर्ने:

- आफ्नो User ID मा मोबाइल नम्बर राखि password set गर्ने
- Make Payment option मा गइ परीक्षाको लागि भुक्तानि गर्ने
- परीक्षाको लागि उपलब्ध मिति समय मध्य आफुलाइ उपयुक्त मिति छनौट गर्ने,
- छनौट गरिएको मितिमा परीक्षामा संलग्न भई उत्तिर्ण भएमा इजाजतपत्र दस्तुर भुक्तान गरि इजाजतपत्र प्राप्त गर्ने।
- परीक्षामा अनुत्तिर्ण भएमा पुन: परीक्षा दस्तुर बुझाइ आवश्यक प्रक्रिया अगाडि बढाउने।

व्यक्तिगत बीमा अभिकर्ताको लागि आवश्यक पर्ने कागजात:

१. बीमा नियमावलीको अनुसुची-७ बमोजिमको निवेदन।

२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

३. नेपाली नागरिकताको प्रतिलिपि।

४. न्युनतम SLC/SEE पाश गरेको कागजात ( मार्कसिट तथा चारित्रिक प्रमाणपत्र)।

५. स्थायी लेखा नम्बर (PAN)।

६. बीमा अभिकर्ताको तालिम प्रमाणपत्र।

७. कृषि पशुपन्छि तथा जडिबुटि सम्बन्धि अभिकर्ताको हकमा सो सम्बन्धि अध्यन गरेको थप योग्यताको कागजात।

८. समान किसिमको कुनै एक बीमकमा काम गर्ने स्वघोसणाको पत्र।
९. बीमा अभिकर्ता सम्बन्धि परीक्षा पास गरेको प्रमाण पत्र।

संस्थागत अभिकर्ता:

१. कुन बीमा कम्पनी मार्फत काम गर्ने हो सम्बन्धित कम्पनिमा आवश्यक कागजात सहित निवेदन दिने।
२. बीमकले तोकिएको मिति समय र स्थानमा गइ संस्थाले तोकेको व्यक्तिले बीमा अभिकर्ता सम्बन्धि तालिम लिने।
४. आफ्नो मोबाइलमा प्राप्त OTP सहितको agentexam.nia.gov.np Link प्राप्त पछि निर्देशानुसार देहाएबमोजिम कार्य गर्ने:
    - ➢ आफ्नो User ID मा मोबाइल नम्बर राखि password set गर्ने
    - ➢ Make Payment option मा गइ परीक्षाको लागि भुक्तानि गर्ने
    - ➢ परीक्षाको लागि उपलब्ध मिति समय मध्य आफुलाइ उपयुक्त मिति छनौट गर्ने,
    - ➢ छनौट गरिएको मितिमा  परीक्षामा संलग्न भई उत्तिर्ण भएमा परीक्षा पास प्रमाणपत्र बीमकलाइ बुझाउने,
    - ➢ परीक्षामा अनुत्तिर्ण भएमा पुन: परीक्षा दस्तुर बुझाइ आवश्यक प्रक्रिया अगाडि बढाउने।
३. आवश्यक कागजात जाँचबुझ गरि प्राधिकरणले  इजाजतपत्र प्रदान गर्दछ।

संस्थागत बीमा अभिकर्ताको लागि आवश्यक पर्ने कागजात:

१. बीमा नियमावलीको अनुसुची-७ बमोजिमको निवेदन।
२. सम्बन्धित बीमकको सिफारिस पत्र।
३. बैकं भौचर

४. प्रबन्धपत्रको उद्देश्यमा बीमा अभिकर्ता भइ कार्य गर्ने उल्लेख गरेको कागजात।

५. नियमावलीमा संचालक रहेको कुरा र निजको कार्यकाल।

६. संस्थाको दर्ता प्रमाणपत्र।

७. संस्थाको (PAN) प्रमाणपत्र।

८. गत आ.व.को कर चुक्ता प्रमाणपत्र।

९. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन।

१०. दुबै पक्षवाट वित्तिय स्वार्थ नभएको स्वघोषणा।

११. कालो सूचीमा नपरेको स्वघोषणा।

१२. समान किसिमको कुनै एक बीमकमा काम गर्ने स्वघोसणाको पत्र।

१३. सिफारिस गरेको संचालकको व्यक्तिगत विवरण:-

- हालसालै खिचेको पासपोर्ट साइजको फोटो,
- नेपाली नागरिकताको प्रतिलिपि,
- न्युनतम SLC/SEE पाश गरेको कागजात ( मार्कसिट तथा चारित्रिक प्रमाणपत्र),
- स्थायी लेखा नम्बर (PAN),
- बीमा अभिकर्ताको तालिम प्रमाणपत्र,
- कृषि पशुपन्छि तथा जडिबुटि सम्बन्धि अभिकर्ताको हकमा सो सम्बन्धि अध्यन गरेको थप योग्यताको कागजात,
- बीमा अभिकर्ता सम्बन्धि परीक्षा पास गरेको प्रमाण पत्र।